# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग

बालुवाटार, काठमाण्डौं

## नागरिक बचतपत्र २०८२"क" निष्काशनसम्बन्धी सूचना

नेपाल सरकारको तर्फबाट राष्ट्र ऋण व्यवस्थापन विभागद्वारा देहाय बमोजिमका विशेषता एवम् व्यवस्था कायम गरी नागरिक बचतपत्र २०८२"क" निष्काशन गरिने भएकोले इच्छुक नेपाली नागरिकहरुले बचतपत्र खरीद गर्नको लागि आवेदन दिनुहुन अनुरोध छ ।

१. विशेषताहरु

| | | |
|---|---|---|
| (क) बचतपत्रको नाम | : | नागरिक बचतपत्र २०८२"क" (५ वर्षे) । |
| (ख) निष्कासन हुने रकम | : | रु. २ अर्ब (दुई अर्ब रुपैयाँ मात्र) । |
| (ग) वार्षिक ब्याजदर | : | ९ प्रतिशत (ब्याजकर लाग्ने) । |
| (घ) ब्याज भुक्तानी | : | ६/६ महिनामा हुने । |
| (ङ) खरिद गर्न पाउने सीमा | : | घटिमा दश हजार रुपैयाँ र बढीमा कुल निष्काशित रकमको सीमामा नबढाई रु. दश हजारले भाग गर्दा निःशेष भाग जाने अंकमा । |
| (च) लगानी (खरिद) कर्ता | : | नेपाली नागरिकले मात्र खरिद गर्न सक्ने । |
| (छ) धितो सम्वन्धी सुविधा | : | यो बचतपत्र धितो राखी यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन/दिन सकिने । |

२. बिक्री, निष्काशन र साँवा भुक्तानी

| | | |
|---|---|---|
| (क) बिक्री खुला हुने अवधि | : | २०७७ माघ २७ गतेदेखि फागुन १८ गतेसम्म । |
| (ख) निष्कासन मिति | : | २०७७ फागुन २५ गते । |
| (ग) साँवा भुक्तानी मिति | : | २०८२ फागुन २५ गते । |

३. अन्य व्यवस्था

| | | |
|---|---|---|
| (क) आवेदन फारम | : | आवेदन फारम बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरु र नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयहरुबाट निःशुल्क पाइने । यस बैंकको वेब साइट www.nrb.org.np मा Public Debt बाट डाउनलोड पनि गर्न सकिने । |
| (ख) आवेदन फारम बुझ्ने कार्यालयहरु | : | यो नागरिक बचतपत्रको आवेदन फारम बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरु र नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयहरुमा बुझाउन सकिने ।(बजार निर्माताहरुको सूची यस बैंकको वेबसाईट http://www .nrb.org.np मा Public Debt अन्तर्गत उपलब्ध रहेको) |
| (ग) ब्याज भुक्तानी लिने स्थान | : | आफूलाई पायक पर्ने वाणिज्य बैंकहरु, बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरु र नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयहरु । |
| (घ) खण्डित अवधिको ब्याज | : | खरिदको लागि रकम बुझाएकै मितिदेखि निष्काशन मितिभन्दा अघिल्लो दिनसम्मको तोकिएको ब्याजदरमा खण्डित अवधिको ब्याज रकम भुक्तानी दिइने । |
| (ङ) बचतपत्रको किसिम | : | स्टक वा प्रमिशरी नोटको रुपमा बचतपत्र लिन सकिने । स्टक वा प्रमिशरी नोटमध्ये आफूले लिन चाहेको प्रमाणपत्रको किसिम आवेदन फारममा खुलाउनु पर्ने । नखुलाइएको अवस्थामा प्रमिशरी नोट प्रमाणपत्र उपलब्ध गराइने । लेखपढ गर्न नजान्ने व्यक्तिलाई स्टक प्रमाणपत्र उपलब्ध गराइने । |
| (च) आवेदन साथ पेश गर्नुपर्ने कागजात | : | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, नावालकको नाममा बचतपत्र खरीद गर्ने भएमा संरक्षकको नागरिकताको प्रमाणपत्र र नाबालकको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने । लेखपढ गर्न नजान्ने व्यक्तिले आवेदन साथ उपरोक्त कागजातका अलावा आफ्नो २ प्रति पासपोर्ट साईजको फोटो समेत पेश गर्नुपर्ने । |
| (छ) अस्वीकृत आवेदनकर्ताको रकम भुक्तानी | : | रीतपूर्वक पेश नभई अस्वीकृत भएका आवेदनसाथ जम्मा हुन आएको रकम बिना ब्याज निष्काशन मितिको ७ दिनभित्र फिर्ता गरिने । |

(ज) बाँडफाँट सम्बन्धी व्यवस्था : खुला बजार संचालन समितिको निर्णयबमोजिम हुने ।

(झ) थप जानकारी : यस विषयमा थप जानकारीको लागि राष्ट्र ऋण व्यवस्थापन विभाग वा बजार निर्माताहरु वा नेपाल राष्ट्र बैंकका प्रदेशस्थित् कार्यालयहरुमा सम्पर्क राख्न हुन वा यस बैंकको वेबसाइट http://www.nrb.org.np मा Public Debt भित्र हेर्नु हुन वा फोन नं. ०१-४४४३८७१/२३६ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**नोटः** यसै सूचनालाई आधार मानी नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालय र सरकारी ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार गर्न यस बैंकबाट इजाजतपत्र लिएका बजार निर्माताहरुले उक्त बचतपत्रको बिक्री वितरण बैंकको वेबसाइटमा राखिएको नागरिक बचतपत्रको बिक्री प्रक्रियाअनुसार गर्न गराउन हुन अनुरोध छ ।

नेपाल राष्ट्र बैंक
राष्ट्र ऋण व्यवस्थापन विभाग

## नागरिक बचतपत्रको प्राथमिक बिक्री प्रक्रिया

### (क) निष्कासन तथा बिक्री

नागरिक बचतपत्र बिक्रीको लागि राष्ट्र ऋण व्यवस्थापन विभागबाट निश्चित अवधि तोकी बिक्री खुला गरिन्छ । खरीदकर्ताले सोही अवधिभित्र खरीदको लागि आवेदन दिनु पर्नेछ ।

### (ख) खरीदकर्ता

नागरिक बचतपत्र सर्वसाधारण नेपाली नागरिकले मात्र खरीद गर्न सक्नेछन् ।

### (ग) बिक्री गर्ने कार्यालयहरु

राष्ट्र ऋण व्यवस्थापन विभागबाट बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरु र ती बजार निर्माताका देशभरका शाखा कार्यालयहरु मार्फत नागरिक बचतपत्रको बिक्री गरिन्छ ।

*नोटः बजार निर्माताको सूची अनुसूची-४ मा दिइएको छ । उक्त सूची यस बैंकको वेबसाइट www.nrb.org.np अन्तर्गत Public Debt भित्र पनि हेर्न सकिन्छ ।*

### (घ) आवेदन फारम पाइने स्थान

(१) नागरिक बचतपत्रको आवेदन फारम बचतपत्र बिक्री गर्ने बजार निर्माताका कार्यालयमार्फत् निःशुल्क रुपमा प्राप्त गर्न सकिनेछ ।

(२) उक्त आवेदन फारम अनुसूची-१ मा पनि उपलब्ध छ ।

### (ङ) आवेदन फारम भर्ने तरीका

(१) इच्छुक खरीदकर्ताले नागरिक बचतपत्र खरीद गर्नको लागि अनुसूची-१ बमोजिमको दुई प्रति आवेदन फारम र अनुसूची-२ बमोजिमको स्व-घोषणा फारम भरी पेश गर्नु पर्नेछ ।

(२) फारममा खरीद गर्न चाहेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ ।

(३) नागरिक बचतपत्रको प्रमाणपत्र प्रमिशरी नोट वा स्टकको रुपमा उपलब्ध गराइने भएकोले आवेदन फारममा सोहीबमोजिम विवरण भर्नु पर्दछ । प्रमिशरी नोटको रुपमा जारी भएको बचतपत्र घरायसी दरपीठ गरी खरीद-बिक्री गर्न सकिन्छ भने स्टकको रुपमा जारी भएको बचतपत्र बिक्री गर्नु परेमा बिक्रीकर्ता र खरीदकर्ता राष्ट्र ऋण व्यवस्थापन विभाग वा बजार निर्माताको कार्यालयहरुमा गई दस्तखत प्रमाणित गराएपश्चात् मात्र खरीद-बिक्री गर्न सकिनेछ ।

(४) फारम भर्दा खरीदकर्ताले पहिले बचतपत्र खरीद गरेको वा नगरेको खुलाउनु पर्दछ । पहिले खरीद गरेको भए र प्रमाणपत्रमा पोर्टफोलियो नम्बर दिइएको भए सो पोर्टफोलियो नम्बर फारमको तोकिएको महलमा उल्लेख गर्नु पर्दछ । पोर्टफोलियो नम्बर भन्नाले बचतपत्र खरीदकर्ताको राष्ट्र ऋण व्यवस्थापन विभागमा रहेको व्यक्तिगत ग्राहक पहिचान नम्बर बुझिन्छ । २०७१ साल पछि जारी गरिएका प्रमाणपत्रहरुमा उक्त पोर्टफोलियो नम्बर दिइएको छ ।

(५) बचतपत्र खरीद गर्ने व्यक्तिले फारममा आफ्नो नाम देवनागरी र अंग्रेजीमा उल्लेख गरी आफ्नो सम्पर्क टेलिफोन नम्बर, नेपाली नागरिकताको प्रमाणपत्र नम्बर र नागरिकता जारी भएको जिल्ला उल्लेख गर्नु पर्दछ ।

**(च) दुई वा दुई भन्दा बढी व्यक्तिको संयुक्त नाममा खरीद गर्नु परेमा**

(१) दुई वा दुई भन्दा बढी व्यक्तिको संयुक्त नाममा पनि बचतपत्र खरीद गर्न सकिनेछ ।

(२) दुई वा दुई भन्दा बढी व्यक्तिले संयुक्तरुपमा बचतपत्र खरीद गर्दा नामको बीचमा “र” अथवा “वा” राखी खरीद गर्न सकिनेछ ।

(३) दुई वा दुई भन्दा बढी व्यक्तिले संयुक्त रुपमा बचतपत्र खरीद गर्दा आवेदन फारममा खरीदकर्ता सबैले दस्तखत गर्नु पर्नेछ ।

*नोटः दुई वा दुई भन्दा बढीको नामको बीचमा “र” राखी बचतपत्र खरीद गरेमा खरीद गर्ने व्यक्तिहरुले बचतपत्रको साँवा तथा ब्याज भुक्तानी र बिक्रीसम्बन्धी कारोवार संयुक्तरुपमा गर्नुपर्ने हुन्छ भने “वा” राखी बचतपत्र खरीद गरेमा खरीदकर्तामध्ये एक जना व्यक्तिले मात्र पनि बचतपत्रको उक्त कारोबार गर्न सकिने हुन्छ ।*

**(छ) नाबालकको नाममा नागरिक बचतपत्र खरीद गर्नु परेमा**

(१) आफू संरक्षक बसी नाबालकको नाममा पनि बचतपत्र खरीद गर्न पाईन्छ । आवेदन फारममा संरक्षकले हस्ताक्षर गर्नु पर्नेछ ।

(२) नाबालकको आमा वा बुबा नभएको अवस्थामा अन्य व्यक्ति संरक्षक बस्न चाहेमा स्थानीय निकायको सिफारिशमा जिल्ला प्रशासन कार्यालयले त्यस्तो नाबालक व्यक्तिको निज संरक्षक भएको व्यहोरा प्रमाणित गरिदिएको पत्रको आधारमा अन्य व्यक्ति पनि नाबालकको संरक्षक बसी नागरिक बचतपत्र खरीद गर्न पाइनेछ ।

**(ज) लेखपढ गर्न नजान्ने व्यक्तिले नागरिक बचतपत्र खरीद गर्नु परेमा**

(१) लेखपढ गर्न नजान्ने व्यत्तिले पनि नागरिक बचतपत्र खरीद गर्न सक्दछन् ।

(२) लेखपढ गर्न नजान्ने व्यक्तिले आवेदन फारममा अन्य व्यहोरा माथि उल्लेख गरिएबमोजिम भर्न लगाई दस्तखत महलमा दुवै हातको बूढी औंलाको ल्याप्चे सहीछाप लगाउनु पर्दछ ।

(३) यस्ता आवेदकहरुलाई नागरिक बचतपत्रको स्टक प्रमाणपत्र मात्र उपलब्ध गराइनेछ ।

**(झ) आवेदनसाथ पेश गर्नुपर्ने कागजात**

(१) आवेदनसाथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(२) संयुक्त नाममा खरीद गर्नुपर्ने अवस्थामा खरीदकर्ता सबै व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(३) संरक्षक भई नाबालकको नाममा बचतपत्र खरीद गर्दा नाबालकको नाम जन्म मिति खुलेको जन्मदर्ता प्रमाणपत्रका साथै संरक्षक स्वयंको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(४) लेखपढ गर्न नजान्ने व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिका अतिरिक्त एक प्रति पासपोर्ट साइजको फोटो पनि पेश गर्नु पर्दछ । एकभन्दा बढी थान बचतपत्रको प्रमाणपत्र लिने हो भने प्रत्येक थान प्रमाणपत्रको लागि एक/एक प्रति थप फोटो पेश गर्नु पर्नेछ ।

(५) आवेदनसाथ पेश गरिएको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिलाई आवेदक वा संरक्षक स्वयम्ले प्रमाणित गरेको हुनुपर्नेछ ।

(ञ) **खरीद सीमा**

नागरिक बचतपत्र न्यूनतम दश हजार रुपैयाँ र बढीमा दश हजार रुपैयाँले भाग गर्दा निःशेष भाग जाने गरी कुल आह्वान रकमसम्म खरीद गर्न सकिनेछ ।

(ट) **रकम बुझेको रसीद दिनुपर्ने**

बजार निर्माता (बिक्रेता) ले खरीदकर्ताबाट आवेदन र आवेदन फारममा उल्लेख भएबमोजिमको रकम बुझिलिए पछि सोको प्रमाण स्वरुप खरीदकर्तालाई रसीद दिनु पर्दछ । उक्त रसीद पेश गरेपछि मात्र बचतपत्रको प्रमाणपत्र उपलब्ध गराउनु पर्दछ ।

(ठ) **खरीदकर्ताबाट संकलन भएको रकम नेपाल राष्ट्र बैंकमा जम्मा गर्नेसम्बन्धी व्यवस्था (बजार निर्माताका शाखा कार्यालयहरुको लागि समेत)**

(१) बजार निर्माताले प्रत्येक दिन खरीदकर्ताहरुको आवेदनसाथ प्राप्त रकम र **सोको प्रमाणित कागजात** र अन्य विवरण अनुसूची-३ मा दिइएको फारममा उल्लेख भएबमोजिम दुई जनाको आधिकारिक दस्तखत सहित सोही दिन राष्ट्र ऋण व्यवस्थापन विभागको फ्याक्स नं.०१-४४१२३०६ मा अपरान्ह ३:३० बजे भित्र फ्याक्स गर्नुका साथै फोन नं.०१-४४४३८७१ (२३६) मा फोन गरी कन्फर्म गर्नु पर्दछ । सो फारमको सफ्टकपि राष्ट्र ऋण व्यवस्थापन विभागको ईमेल ठेगाना pdmissue@nrb.org.np मा पनि अनिवार्य रुपले पठाउनु पर्दछ । ई-मेलबाट प्राप्त कागजातको हकमा सम्बन्धित बजार निर्माताले नेपाल राष्ट्र बैंकमा रहेको खाता नं. XXXXXX/०४१/०००-५२४ मा खर्च भए/नभएको यकिन समेत गर्नु पर्नेछ ।

(२) यसरी माथि उल्लेखित समयभित्र सो फारम फ्याक्स वा इमेलमार्फत् प्राप्त भएपछि यस विभागबाट सम्बन्धित बजार निर्माताको नेपाल राष्ट्र बैंकमा रहेको खाता नं.XXXXXX/०४१/०००-५२४ खर्च र नागरिक बचतपत्र आवेदन खाता नं.१२०००००/०१५/१११-५२४ मा जम्मा गरी आवश्यक हिसाब मिलान गरिनेछ ।

(ड) **आवेदन फारम र संकलित कागजात राष्ट्र ऋण व्यवस्थापन विभागमा पठाउनुपर्ने**

(१) काठमाडौं उपत्यका भित्रका बजार निर्माताले बचतपत्र खरीदकर्ताहरुबाट संकलित आवेदन फारम र संलग्न कागजात नागरिक बचतपत्रको बिक्री बन्द भएको मितिको भोलिपल्टसम्म विवरण सहित राष्ट्र ऋण व्यवस्थापन विभागमा पुग्ने गरी एकमुष्ट रुपमा छिटो साधनबाट सुरक्षित तवरले पठाउनु पर्नेछ ।

(२) काठमाडौं उपत्यका बाहिरका बजार निर्माताले खरीदकर्ताहरुबाट संकलित फारम र अन्य कागजात स्क्यान गरी दैनिक रुपमा राष्ट्र ऋण व्यवस्थापन विभागको ईमेल ठेगाना (pdmissue@nrb.org.np) मा पठाउन सक्नेछन् । बिक्री बन्द भइसकेपछि भने संकलित कागजातहरु एकमुष्ट रुपमा छिटो साधनबाट सुरक्षित तवरले विभागमा पठाउनु पर्नेछ ।

(ढ) **बचतपत्रको बाँडफाँट**

(१) नागरिक बचतपत्रको बाँडफाँट खुला बजार सञ्चालन समितिको निर्णयानुसार गरिनेछ ।

(२) रितपूर्वक पेश हुन आएका आवेदकहरुको नाममा मात्र बचतपत्र निष्काशन गरिनेछ । रित नपुगेका आवेदनहरुलाई अस्वीकृत गरिनेछ ।

(३) अस्वीकृत आवेदकहरुको रकम बचतपत्र निष्काशन मिति पश्चात् ७ दिनभित्र खरीद गरेको संस्थामार्फत् बिना ब्याज फिर्ता गरिनेछ ।

(ण) **प्रमाणपत्र तथा ब्याज भुक्तानी पूर्जा**

(१) नागरिक बचतपत्रको प्रमाणपत्र तथा ब्याज भुक्तानी पूर्जा तयार भएपछि बचतपत्र बिक्री गर्ने कार्यालयमार्फत् खरीदकर्तालाई उपलब्ध गराइन्छ । प्रमाणपत्र वितरणसम्बन्धी सूचना यस बैंकको वेबसाईट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

(२) बिक्रेताले खरीदकर्तालाई नागरिक बचतपत्रको प्रमाणपत्र तथा ब्याज भुक्तानी पूर्जा प्रदान गर्दा साँवा प्रमाणपत्रको अग्रभागमा धनीको दस्तखत भन्ने स्थानमा बचतपत्र धनीको दस्तखत गराउनु पर्दछ । सो क्रममा बचतपत्र खरीदको लागि आवेदन गर्दा उपलब्ध गराएको रसीद (रकम बुझाएको) फिर्ता बुझि लिनु पर्दछ ।

(त) **दोस्रो बजार कारोबार**

नागरिक बचतपत्रको दोस्रो बजार कारोबार अर्थात् बचतपत्रको शुरु निष्काशन पछिको खरीद-बिक्री कारोबार बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्था (शाखा कार्यालयहरुबाट समेत) र नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयहरु मार्फत गर्न सकिनेछ ।

(थ) **अन्य व्यवस्था**

नागरिक बचतपत्रको निष्काशन, बिक्री वितरण तथा बाँडफाँटसम्बन्धी अन्य व्यवस्था प्रचलित ऐन, नियमका साथै खुला बजार सञ्चालन समतिको निर्णय एवम् नेपाल सरकारले समय-समयमा तोकेबमोजिम हुनेछ ।

अनुसूची-१

## नागरिक बचतपत्र खरीदको लागि आवेदन फारम

नेपाल राष्ट्र बैंक
राष्ट्र ऋण व्यवस्थापन विभाग
बालुवाटार, काठमाडौं ।

महाशय,

नेपाल राष्ट्र बैंकबाट हालै प्रकाशित सूचना अनुसारको नागरिक बचतपत्र खरीद गर्न ईच्छा भएकोले नगद रु................ ( अक्षरेपि .................................... मात्र) बुझाई यो आवेदन दिएको छु/छौं । निम्न अनुसारको बचतपत्र मेरो/हाम्रो नाममा निष्काशन गरिदिनु हुन अनुरोध गर्दछु/गर्दछौं ।

..... प्रतिशत नागरिक बचतपत्र ..... (... वर्षे)

| किसिम | दर | थान | जम्मा रकम रु. | रकम अक्षरमा |
|---|---|---|---|---|
| (क) प्रमिशरी नोट* | | | | |
| (ख) स्टक* | | | | |
| (ग) पहिले बचतपत्र खरीद गरेको/नगरेको | | | | |
| (घ) खरीद गरेको भए पोर्टफोलियो नम्बर | | | | |

* प्रमिशरी नोट भन्नाले घरायसी दरपीठ गरी खरीद-बिक्री गं सकिने बचतपत्र बुझिन्छ भने स्टक भन्नाले त्यसरी खरीद-बिक्री गर्न नसकिने बचतपत्र बुझिन्छ । स्टक बचतपत्र खरीद-बिक्री गर्नु परेमा खरीद-बिक्रीकर्ता दुवै राष्ट्र ऋण व्यवस्थापन विभाग वा बजार निर्माताका कार्यालयहरुमा गई दस्तखत प्रमाणित गराउनु पर्दछ ।

..............
दस्तखत

| | |
|---|---|
| नाम (देवनागरिमा) | अंग्रेजीमा: |
| ठेगाना | |
| नागरिकताको प्रमाणपत्र नं./जिल्ला: | मोवाइल/टेलिफोन नं.: |

संयुक्त नाममा खरीद गर्नेभए

| | र | | वा | (कुनै एक कोष्ठमा ✓ चिनो लगाउनु होस्) |
|---|---|---|---|---|

| | |
|---|---|
| नाम (देवनागरिमा): | नाम (देवनागरिमा): |
| नाम अंग्रेजीमा: | नाम अंग्रेजीमा: |
| ठेगाना: | ठेगाना: |
| मोवाइल/टेलिफोन नं.: | मोवाइल/टेलिफोन नं.: |
| नागरिकताको प्रमाणपत्र नं./जिल्ला: | नागरिकताको प्रमाणपत्र नं./जिल्ला: |

नाबालकको नाममा खरीद गर्ने भएमा

| | |
|---|---|
| नाबालकको नाम (देवनागरिमा): | अंग्रेजीमा: |
| संरक्षकको नाम (देवनागरिमा): | अंग्रेजीमा: |
| संरक्षकको ठेगाना: | |
| संरक्षकको नागरिकताको प्रमाणपत्र नं./जिल्ला: | संरक्षकको मोवाइल/टेलिफोन नं.: |
| खरीदकर्ताले आवेदन फारमसाथ नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्दछ । नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्र पेश गर्नु पर्दछ । | |

आवेदन बुझिलिने कार्यालयले भर्ने
कार्यालयको नाम: .......................................................
स्थान: .................................................................... मिति ................................

माथि आवेदनमा उल्लेख भए बमोजिमको रु. ............... (अक्षरेपि ...................................... मात्र) यस कार्यालयमा दाखिला भएको रकम नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभाग, काठमाडौंस्थित् खाता नम्बर १२००००० /०१५/१११-५२४ मा जम्मा हुने गरी ट्रान्सफर गरिएको व्यहोरा प्रमाणित गरिन्छ ।

| .............. | ............ | .................. |
|---|---|---|
| सहायक | अधिकृत | कार्यालय प्रमुख |

अनुसूची-२

स्व-घोषणापत्र

स्थायी ठेगाना ........................................................ .......... मा बस्ने श्री ..........................................को नाती/नातिनी श्री .......................................... को छोरा/छोरी/पत्नी नागरिकताको प्रमाणपत्र नं./जिल्ला ........................ को वर्ष ....... को म, .................................... र .................................. र मेरा सगोलका परिवारका सदस्यले नेपालको कुनै पनि बैंक तथा वित्तीय संस्थासँग कर्जा लिई आजका मितिसम्म नियतवश ऋण नतिर्ने कार्य गरेको छैन । यदि मैले माथि भनेको कुरा झुट्टा ठहरे कानूनबमोजिम सहुँला/बुझाउँला ।

दस्तखत:

मिति:

# अनुसूची-३

## नागरिक बचतपत्र बिक्री रकमको विवरण

बजार निर्माता/बिक्रेता कार्यालयको नाम ............................ ठेगाना ......................................

सम्पर्क व्यक्तिको नाम तथा फोन नं. ...................................... कारोबार मिति ..........................

| क स. | निवेदकको नाम | ठेगाना | पोर्टफोलियो नं. | नागरिकता नं. | जारी भएको जिल्ला | खरीदकर्ताको फोन नं. | खरीद रकम रु. | माग भएको प्रमाणपत्र थान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | कूल रकम रु. | | |

माथि उल्लेखित नागरिक बचतपत्र खरीदकर्ताहरुबाट आजका मितिमा प्राप्त कूल रकम रु. .............. (अक्षरेपी .................... ................................. मात्र) त्यस बैंकस्थितहाम्रो खाता नं. xxxxxx/०४१/०००-५२४ मा खर्च गरी आवश्यक हिसाब मिलान गर्नुहुन अनुरोध छ ।

| ................. | ................... | |
|---|---|---|
| अधिकृत | कार्यालय प्रमुख | कार्यालयको छाप |

*नोट*

१. उक्त फारम भर्दा अक्षर र अंक Fontasi Himali फण्टमा टाईप गर्नु पर्नेछ ।

२. नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयहरुले नागरिक बचतपत्र खरीद वापतको रकम सिधै नागरिक बचतपत्र आवेदन खातामा जम्मा गर्नुपर्ने भएकोले उपरोक्तबमोजिम खाता नम्बर उल्लेख गर्नु पर्दैन ।

अनुसूची-४

बजार निर्माताहरुको सूची

| क.सं. | बजार निर्माता | इजाजतपत्र प्राप्त मिति | इजाजतपत्र नं. |
|---|---|---|---|
| १. | श्री मेगा बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | १ |
| २. | श्री लक्ष्मी बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | २ |
| ३. | श्री सिभिल बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | ३ |
| ४. | श्री नबिल बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | ४ |
| ५. | श्री सिटिजन्स् बैंक इण्टरनेशनल लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | ५ |
| ६. | श्री सिद्धार्थ बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | ६ |
| ७. | श्री बैंक अफ काठमाण्डू लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | ७ |
| ८. | श्री प्रभु बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | ८ |
| ९. | श्री सनराइज बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | ९ |
| १०. | श्री सेञ्चुरी कमर्सियल बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | १० |
| ११. | श्री नेपाल बंगलादेश बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | ११ |
| १२. | श्री एनएमबी बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | १२ |
| १३. | श्री सानिमा बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | १३ |
| १४. | श्री कृषि विकास बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | १५ |
| १५. | श्री माछापुच्छ्रे बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | १६ |
| १६. | श्री एनआईसी एशिया बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | १७ |
| १७. | श्री प्राइम कमर्सियल बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | १८ |
| १८. | श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | २२ |
| १९. | श्री कुमारी बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | २८ |
| २०. | श्री सांग्रीला डेभलपमेण्ट बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | ३० |
| २१. | श्री महालक्ष्मी विकास बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | ३५ |
| २२. | श्री गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड, ललितपुर | २०७३/०४/०१ | ३८ |
| २३. | श्री आईसीएफसी फाइनान्स लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | ३९ |
| २४. | श्री गुडविल लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | ४१ |
| २५. | श्री नागरिक लगानी कोष, काठमाडौं | २०७३/०४/०१ | ४३ |
| २६. | श्री नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | ४४ |
| २७. | श्री ग्लोबल आइएमई बैंक लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | ४५ |
| २८. | श्री एक्सेल डेभलपमेण्ट बैंक लिमिटेड, झापा | २०७३/०४/०१ | ४६ |
| २९. | श्री सेन्ट्रल फाइनान्स लिमिटेड, ललितपुर | २०७३/०४/०१ | ४९ |
| ३०. | श्री श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | ५१ |
| ३१. | श्री गोर्खाज फाइनान्स कम्पनी लिमिटेड, काठमाडौं | २०७३/०४/०१ | ५२ |
| ३२. | श्री मुक्तिनाथ विकास बैंक लिमिटेड, काठमाडौं | २०७६/०५/१३ | ५३ |
| ३३. | श्री रिलायन्स फाइनान्स लिमिटेड, काठमाडौं | २०७७/०९/२० | ५४ |